आज मिति २०८१ साल चैत्र महिनाको ०४ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष **श्री तप्त बहादुर पौडेल** ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको **५३औं** बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो।

**उपस्थिति**

| क्रं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ बहादुर बुढाथोकी | का.बा. अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | यम |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| | **आमन्त्रित तथा सहयोगी कर्मचारीहरु** | | |
| १९ | श्री दीपक कु. लामिछाने | ले.अ. | |
| २० | श्री राज तिलक थापा | के.अ. | |

CamScanner

निर्णय नं १. मिति २०८१/११/१३ गतेको कार्यपालिकाको बैठकमा भएका निर्णयहरुबारेमा छलफलसहितको समिक्षा गरियो र कार्यान्वयन गर्न बाँकि रहेका निर्णयहरुलाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिईयो ।

निर्णय नं २. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट मिति २०८१/११/१५ गतेको प्रकाशित सुचना अनुसार आर्थिक बर्ष २०८२/०८३ मा लुम्बिनी प्रदेशका १५ वटा स्थानीय तहहरुमा आव २०८२/०८३ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संचालनका लागि स्थानीय तह छनौट सम्बन्धी आशय पत्र आह्वानको प्रस्ताव सम्बन्धि सूचना (EOI) प्रकाशन गरेकोमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगो, उत्थानशील र समावेशी विकासको सिद्धान्तमा आधारित स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय तहहरुलाई सहयोग गर्ने उद्देश्यले बेलायत सरकारको आर्थिक सहायतामा संचालित हुने स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा नेपाल सरकार र संयूक्त अधिराज्य बेलायत सरकारबीच भएको समझदारी पत्र तथा आयोजना दस्ताबेजमा उल्लेख भए बमोजिमको कार्यक्रम आगामी आ.व. २०८२/०८३ को लागि कार्यक्रम सञ्चालनार्थ, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८१ को दफा ६ (१) संग सम्बन्धित अनुसूची -१ बमोजिम स्थानीय तहहरूको छनौटका मापदण्ड/सूचकहरुको सूचक नं १ (क),(ख),(ग) ,२,३,१५,का सूचकहरू राप्तिसोनारी गाउपालिकाले सबै पालना गर्ने गरि प्रतिबद्धता गर्दै यस गाउपालिकाको सडक गुरु योजना र वास प्लान स्वीकृत भइ सकेको हुदा उक्त स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा weblink मार्फत सहभागी भई लागत साझेदारी सहितको आशय पत्र पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३ यस गाउपालिकाको वडा न ४ मा गाउपालिकाको औधोगीकग्रामको पूर्वाधार निर्माणको लागि डीपीआर , वातावरणीय परिक्षण भएकोमा हाल सम्म पूवाधार निर्माणको लागि प्रक्रिया शुरु नभएकोले संघीय सरकार बाट अनुदानमा गाउपालिकाले व्यहोर्नु पर्ने लागत साझेदारी यो चालु आवको बजेटवाट पुग्ने भए सोहि बजेटमा थप गर्ने र नपुग हुने भएमा आगामी आएर्थिक बर्षको बार्षिक कार्यक्रममा स्रोत सुनिस्चितता हुने गरि २ करोड नबढ्ने गरि तत्काल बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं ४. यस गाउपालिकाको बिगत , बर्तमान समयमा पालिकाबाट सम्पन भएका र हाल संचालन भएका बिकास निर्माण , कार्यक्रम तथा सन्देश चेतनामुलक कार्यक्रमको संस्थागत स्मरणको लागि बजेटको स्रोत तथा शिर्षक समेत हेरी मितव्ययिता अवलम्बन गर्दै भिडिओ डकुमेन्ट्री , टेलिभिजन , लगायतका संचार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने व्यबस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं ५ वडा नं ५ को हुलाकी राजमार्गको ठूलाठूला रुखहरु कटानी गर्दाको खाजा खर्च रकम भुक्तानी दिने निर्णय गरियो ।

अध्यक्ष ज्युको आदेशले बैठक समापन गरियो ।

...ल बहादुर ऐडी
...प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

CamScanner